# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६ संख्या : ३२ मितिः २०८१/१०/१४**

## भाग - १

## टीकापुर नगरपालिकामा रहेका बरघर/भलमन्सा प्रणाली संरक्षण, संवर्धन, प्रवर्द्धन र विकास गर्ने बनेको ऐन, २०८१

नगर सभाबाट स्वीकृत मिति : २०८१/०९/२८
प्रमाणित मिति : २०८१/१०/१०

**प्रस्तावनाः**

सामाजिक सेवा, सद्भाव, न्याय, सहिष्णुता एवं दिगो विकासमा टेवा पुरयाई समुदाय तथा समाजमा चिरकालदेखि अभ्यासमा रहेको विद्यमान आ–आफ्नै मान्यता, परम्परागत भाषा संस्कृति र संस्कारको रुपमा प्रचलनमा रहेको बरघर/भलमन्सा प्रणालीको संरक्षण, संवर्धन, प्रवर्धन र विकास गर्नका साथै यसको भूमिकालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

संविधानको धारा २२१, २२६ र अनुसूची–८ को क्रम संख्या २२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र दफा ११ को उपदफा (२) (फ) को खण्ड (५) बमोजिम टीकापुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "टीकापुर नगरपालिकामा रहेका बरघर/भलमन्सा प्रणालीको संरक्षण, संवर्धन, प्रवर्धन र विकास गर्न ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बरघर/ भलमन्सा प्रणाली" भन्नाले थारु समुदायले स्वशासित रुपमा आफ्नो प्रथा र प्रथाजनित कानून अनुसार चिरकालदेखि निरन्तर प्रचलन, अभ्यास गरी आएको मौलिक परम्परागत प्रणाली र संस्थालाई सम्झनु पर्दछ । यसले ऐनको अनुसूची–३ बमोजिमको संगठन प्रणालीलाई समेत सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले टीकापुर नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँ" भन्नाले टीकापुर नगरपालिको विभिन्न वडाभित्र अस्तित्वमा रही बसोबास भएको ससानो बस्ती सम्झनु पर्छ ।

(घ) "टोल/पुरुवा" भन्नाले टीकापुर नगरपालिकामा गाउँको सिमाना भित्रको बखेरी/खोज्नीबोज्नी/ख्यालाले नामाकरणक गरी बसोबास भएको ससानो बस्ती सम्झनु पर्छ ।

(ङ) "प्रथा" भन्नाले परम्परागत रुपमा चलिआएको आदिवासी थारुको संस्कृति, परम्परा, प्रचलन र अभ्यासलाई सम्झनु पर्छ ।

(च) "प्रणाली" भन्नाले बरघर/भलमन्सा प्रणालीलाई सम्झनु पर्छ ।

(छ) "नगर प्रमुख" भन्नाले टीकापुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "नगर उपप्रमुख" भन्नाले टीकापुर नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

(झ) "वडा अध्यक्ष" भन्नाले टीकापुर नगरपालिका भित्रका प्रत्येक वडाका वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) " कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ट) "वडा सदस्य" भन्नाले टीकापुर नगरपालिका भित्रका प्रत्येक वडाका वडा सदस्यलाई सम्झनु पर्छ ।

(ठ) "नगर सभा" भन्नाले टीकापुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ड) "नगर बरघर/भलमन्सा" भन्नाले यस ऐनको दफा ६ बमोजिम छनौट भएको बरघर/भलमन्सा लाई सम्झनु पर्छ ।

(ढ) "वडा बरघर/भलमन्सा" भन्नाले यस ऐनको दफा ७ बमोजिम छनौट भएको बरघर/भलमन्सालाई सम्झनु पर्छ।

(ण) "गाउँ बरघर/भलमन्सा" भन्नाले यस ऐनको दफा ८ बमोजिम छनौट भएको बरघर/भलमन्सालाई सम्झनु पर्छ।

(त) "सहायक बरघर/भलमन्सा" भन्नाले यस ऐनको दफा ६ बमोजिम नगरको बरघर/भलमन्सा, दफा ७ बमोजिम वडाको बरघर/भलमन्सा र दफा ८ उपदफा ३ बमोजिम गाउँ/पुरुवा/टोलको बरघर/भलमन्सालाई सहयोग गर्न छनौट भएको बरघर/भलमन्सालाई सम्झनु पर्छ।

(थ) "लिखन्डरिया" भन्नाले यस ऐनको दफा ८ को उपदफा ३ बमोजिम छनौट भई बरघर/भलमन्सा प्रणालीमा लेखापढी, हिसाब किताबको काम गर्नेलाई सम्झनु पर्छ।

(दा) "टोल/पुरुवा बरघर/भलमन्सा" भन्नाले गाउँको मुल बरघर भएको अवस्थामा उसलाई सहयोग गर्ने र मुल बरघर/भलमन्सा नभएको अवस्थामा आफ्नो टोल/पुरुवा मा नेतृत्व गर्ने बरघर/भलमन्सालाई सम्झनु पर्छ।

(ध) "अगह्वा" भन्नाले यस ऐनको दफा ८ को उपदफा ३ बमोजिम छनौट भइ भौतिक विकास निर्माणको कामलाई व्यवस्थित गर्न कामको बाडफाँड र निरीक्षण गर्ने जिम्मेवारी दिइएकालाई सम्झनु पर्छ।

(न) "गुरुवा" भन्नाले यस ऐनको दफा ८ को उपदफा ३ बमोजिम छनौट भइ बरघर/भलमन्सा प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला बाट छनौट भएकोलाई सम्झनु पर्छ।

(प) "केसौका" भन्नाले यस ऐनको दफा ८ को उपदफा ३ बमोजिम छनौट भइ गुरुवाको सहयोगीलाई सम्झनु पर्छ।

(फ) "चिरक्या" भन्नाले यस ऐनको दफा ८ को उपदफा ३ बमोजिम छनौट भइ परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक अनुष्ठानमा सहयोग गर्ने तथा गाउँको साझा देवता (ठन्वा मर्वा) मा नियमित दियो बाल्ने र पूजापाठ गर्ने, चाडपर्व र उत्सव विवाहमा चोखो आगोको व्यवस्था मिलाउने, उज्यालो पार्ने तथा सुचना प्रवाह गर्ने कार्यका लागि नियुक्त भएकालाई सम्झनु पर्छ।

(ब) "चौकीदार" भन्नाले यस ऐनको दफा ८ को उपदफा ३ बमोजिम छनौट भइ गाउँको चौकीदारी गर्ने, रेखदेख, सूचना प्रवाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यको लागि नियुक्त भएको चौकीदारलाई सम्झनु पर्छ।

(भ) "बेगारी" भन्नाले बरघर/भलमन्साको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो

गरी उपस्थित भई निःशुल्क श्रमदान वा सीप दान वा सामुहिक रुपमा गरिने कार्यलाई सम्झनु पर्छ ।

(म) "बरघर/भलमन्सा वर्ष" भन्नाले एक आर्थिक वर्षको माघ १ गतेदेखि शुरु भई अर्को आर्थिक वर्षको पुष मसान्त सम्मको अवधिलाई सम्झनु पर्छ ।

(य) "ढकेहेर" भन्नाले यस ऐनको दफा ८ को उपदफा ३ बमोजिम छनौट भइ बरघर/भलमन्सा प्रणाली अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान, ढाक बजाउने कार्यका लागि गाउँ बखेरी/खोज्नीबोज्नी ख्यालाबाट छनौट भएकोलाई सम्झनु पर्छ ।

(र) "बखेरी/खोज्नीबोज्नी/ख्याला" भन्नाले प्रत्येक वर्ष माघ महिनाभित्र गरिने पुरुवा/टोल, गाउँ, वडा र नगरको वार्षिक भेलालाई सम्झनु पर्छ ।

(ल) "जुटेहला" भन्नाले गाउँ वा पुरुवा/टोलको बरघर/भलमन्साको नेतृत्वमा हुने छलफललाई सम्झनु पर्छ ।

(व) "खोज्नीबोज्नी" भन्नाले बरघर/भलमन्सा प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरुको कामको समीक्षा गर्ने, आवश्यक पर्ने पदका लागि योग्य र उपयुक्त व्यक्ति छनौट गर्ने कार्य वा प्रक्रियालाई सम्झनु पर्छ ।

(श) "कचहरी/पञ्चायत" भन्नाले सामाजिक न्याय निरुपण गर्नका लागि बस्ने गाउँ वा पुरुवा/टोलको भेलालाई सम्झनु पर्छ ।

(ष) "न्यायिक समिति" भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिलाई सम्झनु पर्छ ।

(स) "मेलमिलापकर्ता" भन्नाले नगरपालिकामा रहेका सुचिकृत मेलमिलापकर्तालाई सम्झनु पर्छ ।

(ह) "टिहाई" भन्नाले गाउँको सार्वजनिक पदमा काम गरे वापत पारिश्रमिक स्वरुप घरधुरीबाट गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाको निर्णय अनुसार वार्षिक रुपमा संकलन गरिने अन्न वा नगदलाई सम्झनु पर्छ ।

(क्ष) "पूजापाठ" भन्नाले निश्चित प्रयोजनको लागि परम्परा अनुसार वरघरको नेतृत्वमा गुरुवाले गर्ने पुजनकार्यलाई सम्झनु पर्छ ।

(त्र) "धरम बख्खारी" भन्नाले विपद जोखिम व्यवस्थापन तथा सामाजिक कल्याणका लागि विविध श्रोतबाट संकलित नगद वा जिन्सी सहितको सामुहिक कोषलाई सम्झनु पर्छ ।

(ज्ञ) "देशाहुर प्रणाली" भन्नाले सिंचाई व्यवस्थापनका लागि टीकापुर लगायत अन्य क्षेत्रका गाउँका हरेक घरधुरीबाट एकजना बेगारी जानु पर्ने गरी संचालित परम्परागत रुपमा चलिआएको बृहत सिंचाई व्यवस्थापन प्रणालीलाई सम्झनु पर्छ ।

## परिच्छेद –२

## बरघर/भलमन्साको कार्यक्षेत्र, प्रमाणपत्र, परिचयपत्र र अभिलेख

**३. बरघर/भलमन्साको कार्यक्षेत्र :**

(१) थारु समुदायको परम्परागत प्रथाजनित संगठनको क्षेत्राधिकार गाउँ बरघर/भलमन्साको हकमा सम्बन्धित एक गाउँमा रहनेछ । निजले सोही गाउँ समुदायको अगुवाई गर्नेछ । टोल/पुरुवा बरघर/भलमन्साले आफ्नो टोल/पुरुवा र सोही गाउँमा बरघर/भलमन्साले प्रदान गरेको जिम्मेवारी अनुसार अगुवाई गर्नेछ ।

(२) वडा बरघर/भलमन्साले सम्बन्धित वडा कार्यालय, वडा भित्र पर्ने सबै गाउँका बरघर/भलमन्साहरुसँग समन्वय र सहकार्य गर्नेछ ।

(३) नगर बरघर/भलमन्साले नगरपालिका, नगरपालिका भित्रका सबै वडा बरघर/भलमन्सा र गाउँ बरघर/ भलमन्सासँग समन्वय र सहकार्य गर्नेछ ।

**४. प्रमाणपत्र र परिचयपत्र सम्बन्धी व्यवस्था :**

(१) यस ऐन बमोजिम सम्बन्धित वडाले वरघरहरुलाई सूचिकृत गरि प्रमाणपत्र प्रदान गर्नेछ ।

(२) प्रत्येक वर्ष गाउँ, वडा, बखेरी/खोज्नीबोज्नी/ख्यालाबाट छनौट भएका बरघर प्राणाली भित्रका पदको जिम्मेवारी पाउने व्यक्तिलाई सम्बन्धित वडाले र सम्पूर्ण वडाबाट प्रतिनीधित्व हुने गरी गठन गरिने नगर बखेरी/खोज्नीबोज्नी/ख्यालाको हकमा नगरपालिकाले सूचिकृत गरी अनुसूची–१ बमोजिम प्रमाणपत्र र अनुसूची–२ बमोजिमको परिचय पत्र प्रदान गर्नेछ ।

**५. अभिलेख :**

(१) बरघर/भलमन्सा प्रणाली अन्तर्गत प्रत्येक वर्ष गरेको कार्य र गतिविधिको लेखाजोखाको अभिलेखिकरण गरिनेछ । सो अभिलेख सम्बन्धित वडामा बुझाई गाउँ, वडा र नगर बरघर/भलमन्सा प्रणालीलाई लौसारी ( नवीकरण) गराउनुपर्नेछ ।

(२) बरघर/भलमन्सालाई नवीकरण गर्दा कुनै प्रकारको शुल्क लाग्ने छैन ।

## परिच्छेद– ३
## नगर, वडा र गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला, बरघर/ भलमन्सा संगठन प्रणालीको गठन र बैठक सम्बन्धी व्यवस्था

**६. नगर बखेरी/खोज्नीबोज्नी/ख्याला :**

(१) वडा तथा नगरपालिकामा सूचीकृत प्रत्येक गाउँ/पुरुवा/टोलको बरघर/भलमन्सा तथा वडा बरघर/भलमन्सा समितिका सबै सदस्य रहने गरी नगर बखेरी/खोज्नीबोज्नी/ख्याला गठन हुनेछ ।

(२) सो बखेरी/खोज्नीबोज्नी/ख्यालाले आफू मध्येबाट १ जना बरघर/भलमन्सा, १ जना सहायक बरघर/ भलमन्सा र १ जना लिखन्डरिया चयन गर्नेछ, र प्रत्येक वडाका वडा बरघर/भलमन्सा, नगर बरघर/भलमन्सा समितिको पदेन सदस्य रहनेछन् ।

(३) नगर बखेरी/खोज्नीबोज्नी/ख्याला सामान्यतया माघ महिनामा बस्नेछ ।

(४) नगर बखेरी/खोज्नीबोज्नी/ख्याला बस्दा ७ दिन अगावै वडा र गाउँ बरघर/भलमन्सालाई सूचना दिनु पर्नेछ ।

**७. वडा बखेरी/खोज्नीबोज्नी/ख्याला :**

(१) प्रत्येक वडाभित्र रहेका गाउँको गाउँ बरघर/भलमन्सा र सहायक बरघर/भलमन्सा रहेको वडा बखेरी/खोज्नीबोज्नी/ख्याला गठन हुनेछ ।

(२) यस बखेरी/खोज्नीबोज्नी/ख्याला ले आफूमध्येबाट १ जना वडा बरघर/भलमन्सा, १ जना सहायक बरघर/भलमन्सा र १ जना लिखन्डरिया चयन गर्नेछ ।

(३) वडा बरघर/ भलमन्सा समितिमा गाउँ बरघर/भलमन्सा पदेन सदस्य रहनेछन् ।

(४) प्रत्येक गाउँको बखेरी/खोज्नीबोज्नी/ख्याला बसी सकेपछि सामान्यतया माघ महिनामा वडा बखेरी/खोज्नीबोज्नी/ख्याला बस्नेछ ।

(५) वडा बखेरी/खोज्नीबोज्नी/ख्याला बस्दा ७ दिन अगावै गाउँ बरघर/भलमन्सालाई सूचना दिनु पर्नेछ ।

**८. गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला :**

(१) गाउँ बरघरको सिमानाभित्र पर्ने प्रत्येक घरधुरीबाट कम्तीमा महिला वा पुरुष मध्ये एक जना प्रतिनिधित्व भएको गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला गठन हुनेछ । जसमा ३३% (प्रतिशत) महिलाको प्रतिनीधित्व हुने गरी सुनिश्चितता कायम गर्नुपर्नेछ । यो बखेरी/खोज्नीबोज्नी/ख्याला बरघर/भलमन्सा प्रणालीको सर्वोच्च अंग हुनेछ ।

(२) बरघर/भलमन्सा वर्षको माघ महिनामा गाउँका सबै घरधुरीबाट प्रतिनिधित्व भएको बखेरी/खोज्नीबोज्नी/ख्याला बस्नेछ ।

(३) यस बखेरी/खोज्नीबोज्नी/ख्याला ले बरघर प्रणालीको पदाधिकारी, जस्तैः बरघर/भलमन्सा, सहायक बरघर/ भलमन्सा, लिखन्डरिया, चिरक्या/चौकीदार, गुरुवा, केसौका, ढकेहर आदिको खोज्नीबोज्नी गर्नेछ । बरघर/भलमन्सा वर्षको हिसाव किताबको सोधखोज र अनुमोदन गर्नेछ ।

(४) यस बखेरी/खोज्नीबोज्नी/ख्याला ले वडा तथा नगर बखेरी/खोज्नीबोज्नी/ख्यालाको लागि गाउँ बरघर चयन गर्दा ३३% (प्रतिशत) महिलाको प्रतिनीधित्व हुने गरी सुनिश्चितता कायम गर्नुपर्नेछ ।

(५) बरघरले बखेरी/खोज्नीबोज्नी/ख्याला बस्नको लागि कम्तीमा ७ दिन अगावै मिति, स्थान र समय तोकेर सूचना जारी गर्नु पर्नेछ ।

(६) चिरक्या/चौकीदार मार्फत कम्तीमा १ दिन अगावै गाउँमा सबै घरधुरीलाई गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला बस्ने सूचना पुनः दिनु पर्नेछ ।

(७) दफा २२ बमोजिम बरघर/भलमन्सा संगठन प्रणालीको कुनै पद रिक्त भएमा सो पदमा जिम्मेवारी प्रदान गर्न यस ऐनको दफा ८ को उपदफा (२) र (३) को प्रक्रिया पूरा गरी जुनसुकै महिनामा दुई तिहाई घरधुरीको जुटेल्हा बसी पदपुर्ति गर्न सक्नेछ ।

(८) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालामा सम्बन्धित वडा जनप्रतिनिधिलाई आमन्त्रण गरिनेछ ।

**९. गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाको काम, कर्तब्य र अधिकार :**

बरघर/भलमन्सा बखेरी/खोज्नीबोज्नी/ख्यालाको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहनेछ ।

(१) गाउँमा वर्षभरि भए गरेका कामको समीक्षा गर्ने ।

(२) नगरपालिकाको वार्षिक योजना तर्जुमा छनौट कार्यक्रममा सम्बन्धित वडा र पालिकाको आयोजनामा संचालित कार्यक्रममा सहभागिता जनाई आवश्यक सहयोग गर्ने ।

(३) गाउँ चलाउनको लागि गाउँको मूल्य मान्यता, परम्परालाई निरन्तरता दिंदै आवश्यकता अनुसार समयसापेक्ष परिवर्तन वा रुपान्तरण गर्ने ।

(४) बरघर संगठन प्रणाली अन्तर्गतका पदहरु जस्तै बरघर/भलमन्सा, सहायक बरघर/भलमन्सा, लिखन्डरिया, गुरुवा, केसौका, चौकीदार, चिरक्या, अगह्वा, आदि चयन गर्ने र आवश्यकता अनुसार बरघर/भलमन्सा समितिका सदस्यहरुको खोज्नीबोज्नी गर्ने । बरघर/भलमन्सा समितिमा महिलाको ३३% (प्रतिशत) प्रतिनिधित्व गराउनु पर्नेछ ।

(५) वर्षभरी भएको आम्दानी र खर्चको सार्वजनिक गरी अनुमोदन गर्ने ।

(६) आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान गर्ने ।

(७) बरघर/भलमन्सा प्रणालीमा व्यवस्था गरिएका पदमा छनोट भई जिम्मेवार बहन गरिरहेका व्यक्तिहरुलाई सामाजिक कार्यमा खटिए वापत आवश्यक टिहाई निर्धारण गर्ने ।

(८) यस ऐन बमोजिम गाउँ/टोलको विधान निर्माण र संशोधन गर्ने ।

(९) विभिन्न कारणले अन्यत्रबाट सम्बन्धित वडा तथा टोलमा बसाँई सरी आएका घरधुरी तथा परिवारको संख्या बढदै गई वा एउटै घरपरिवारमा

सगोलमा बस्दै आएका परिवार छुट्टिई भिन्न भएका घरधुरी परिवारलाई थप नयाँ घरधुरी तथा सदस्यको रुपमा समावेश गरी जनसंख्या अध्यावधिक गर्ने ।

(१०) वार्षिक योजना बनाउने, र आवश्यक बजेट बाँडफाँड गर्ने, अनुमानित आम्दानी तथा खर्चको विवरण तयार पारी पारित गर्ने ।

**१०. बरघर/भलमन्सा संगठन प्रणाली :**

(१) नगरपालिकामा बरघर/भलमन्सा संगठन प्रणाली अनुसूची–३ बमोजिम हुनेछ ।

(२) गाउँ बरघर/भलमन्साले आफ्ना परम्परागत सामाजिक तथा साँस्कृतिक कार्यहरु प्रचलित कानून संग नबाझिने गरी गर्न स्वतन्त्र रहनेछ । तर विकास निर्माणका कार्यहरु गर्दा सम्बन्धित वडा र नगरपालिकासंग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(३) बरघर/भलमन्सा प्रणालीले वडा कार्यालय र सो वडाभित्र रहेको गाउँ बरघर/भलमन्सासँग समन्वय गर्ने कार्य गर्नेछ ।

(४) नगर बरघर/भलमन्सा प्रणालीले नगरपालिका र नगरभित्र रहेका वडा बरघर/भलमन्सा र गाउँ बरघर/भलमन्सासँग समन्वय गर्ने कार्य गर्नेछ ।

**११. गाउँ जुटेहला, निर्णय प्रक्रिया र कार्यान्वयन सम्बन्धी व्यवस्था :**

(१) गाउँको नियमित जुटेहला सामान्यतया महिनामा एक पटक हुनेछ तर, आवश्यक परेको बेला जति पटक पनि जुटेहला गर्न सकिनेछ ।

(२) गाउँघरमा उत्पन्न सामान्य विवादको न्याय निरुपण बाहेक छलफल तथा समाधान गर्न बरघर/भलमन्साले महत्वपूर्ण भूमिका निर्वाह गरी आवश्यक पहल गर्न सक्नेछ । बरघर/भलमन्साले समाधान गर्न नसकेका विवाद सम्बन्धित वडामा रहेको मेलमिलापकेन्द्रसंग समन्वय गरी मेलमिलापको माध्यामबाट विवाद निरुपणको कार्य अगाडी बढाउनु पर्नेछ ।

(३) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला, जुटेहला र कचेहरीले गरेको निर्णयहरु बरघर/भलमन्साको नेतृत्वमा पदीय जिम्मेवारी अनुसार कार्यान्वयन गरिनेछ ।

(४) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला, जुटेहला र कचेहरी/पञ्चायतको अध्यक्षता बरघर/भलमन्साले गर्नेछन्, तर निजको अनुपस्थितिमा सहायक बरघर/भलमन्साले अध्यक्षता गर्ने छन ।

(५) बहुमत सदस्यहरुको उपस्थितिमा बैठक बस्नेछ र निर्णयहरु सर्वसम्मत वा बहुमतले हुनेछ ।

**१२. बरघर/भलमन्सा प्रणाली भित्रको पदका लागि योग्यता :**

(१) बरघर/भलमन्सा र सहायक बरघर/भलमन्सा हुनका लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ ।

(क) नेपाली नागरिक हुनु पर्नेछ ,
(ख) गाउँमा स्थायी बसोबास गर्दै आईरहेको हुनु पर्नेछ ,
(ग) गाउँमा वर्ष भरी नियमित बसोबास गर्ने हुनु पर्नेछ ,
(घ) शारिरिक तथा मानसिक रुपमा स्वस्थ हुनुको साथै गाउँ समुदायमा उच्च नैतिक चरित्र भएको हुनु पर्नेछ,
(ङ) २१ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको हुनु पर्नेछ,
(च) साक्षर भएको हुनु पर्नेछ ।

**(२) लिखन्डरिया हुनका लागि योग्यता :**

(क) नेपाली नागरिक हुनु पर्नेछ ,
(ख) गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आईरहेको हुनु पर्नेछ ,
(ग) गाउँमा वर्ष भरी नियमित बसोबास गर्ने हुनु पर्नेछ ,
(घ) शारिरिक तथा मानसिक रुपमा स्वस्थ हुनुको साथै गाउँ समुदायमा उच्च नैतिक चरित्र भएको हुनु पर्नेछ,
(ङ) २१ वर्ष उमेर पूरा भइ ६० वर्ष ननाघेको हुनु पर्नेछ ,
(च) गाउँको हर हिसाव राख्न र लेखपढ गर्न जानेको हुनु पर्नेछ ।

**(३) चौकिदार हुनका लागि योग्यता :**

(क) नेपाली नागरिक हुनु पर्नेछ ,
(ख) गाउँमा नियमित बसोबास गर्ने हुनु पर्नेछ ,
(ग) शारिरिक तथा मानसिक रुपमा स्वस्थ हुनुको साथै गाउँ समुदायमा उच्च नैतिक चरित्र भएको हुनु पर्नेछ,
(घ) २१ वर्ष उमेर पूरा भइ ६५ वर्ष ननाघेको हुनु पर्नेछ ।

**(४) गुरुवा र केसौका हुनका लागि योग्यता :**

(क) नेपाली नागरिक हुनु पर्नेछ,
(ख) सोही गाउँ वा आसपास नजिकको गाउँमा नियमित बसोबास गर्ने हुनु पर्नेछ ,
(ग) गाउँ समुदायको विश्वास, मान्यता र परम्परा अनुसार गाउँको साझा पूजापाठ गर्न विद्या जानेको हुनु पर्नेछ,
(घ) गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको हुनु पर्नेछ,
(ङ) दुःखी बिरामीहरुलाई सहयोग गर्ने भावना भएको हुनु पर्नेछ,
(च) थारु समुदायको पूजाआजा सम्बन्धि ज्ञान भएको हुनु पर्नेछ ।

**(५) चिरक्या हुनका लागि योग्यताः**

(क) नेपाली नागरिक हुनु पर्नेछ,
(ख) गाउँमा नियमित बसोबास गर्ने हुनु पर्नेछ,
(ग) गाउँको मूल देवस्थानमा नियमित पूजापाठ गर्न इच्छुक भएको हुनु पर्नेछ,

(घ) गाउँ समुदायको धर्म, संस्कृति अनुसारको पूजा पाठ गर्न जानेको हुनु पर्नेछ ,

(ङ) चोखो आगोको व्यवस्था गर्ने प्रविधि, सामग्री सम्बन्धी ज्ञान र अभ्यास गरेको हुनु पर्नेछ ,

(च) २१ वर्ष उमेर पूरा भइ ६५ वर्ष ननाघेको हुनु पर्नेछ ,

(छ) शारिरिक तथा मानसिक रुपमा स्वस्थ हुनुको साथै गाउँ समुदायमा उच्च नैतिक चरित्र भएको हुनु पर्नेछ ।

## परिच्छेद –४

## गाउँ बरघर/ भलमन्सा, चौकीदार/चिरक्याको काम, कर्तव्य र अधिकार

### १३. बरघर/भलमन्साको काम, कर्तव्य र अधिकार :

**(१) संरक्षकत्वको भूमिका :**

(क) बरघर/भलमन्साले गाउँका सबै मानव, चराचर, पशुपंक्षी, बालीनालीको प्रमुख संरक्षकको रुपमा भूमिका निर्वाह गर्ने,

(ख) गाउँमा आईपर्ने विपदबाट जोगाउन विपद जोखिम न्यूनिकरण सम्बन्धी आवश्यक जनचेतनाका कार्यहरु संचालन गर्ने, विपद् व्यवस्थापनमा सहयोग पुरयाउन आवश्यक राहत जुटाई वितरण कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने,

(ग) कसै माथि अन्याय परेमा गाउँको जुटेहला बोलाई सो सम्बन्धमा छलफल गरी आवश्यक निर्णय गर्ने ,

(घ) गाउँ भित्र कुनै घर अलग हुन चाहेमा बरघर वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्दै मानो छुट्याउन र घर बनाउन सहयोग गर्ने,

(ङ) विपदमा परी समस्यामा परेका व्यक्ति, घर परिवारलाई मानवीय सहयोग जुटाउने कार्य गर्ने,

(च) गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख र संरक्षण गर्न स्थानीय सरकारको सहयोगीको रुपमा भूमिका निर्वाह गर्ने,

(छ) आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ज) राज्यका विभिन्न निकायद्धारा संचालनमा रहेका विकास निमार्णका हरेक कार्यमा अर्थपूर्ण सहभागिताका साथै कार्यान्वयनमा सघाउ पुरयाउने,

(झ) महिला, बालबालिका, जेष्ठनागरिक, अपाङगता भएका व्यक्ति तथा विपन्न वर्गलाई राज्यद्धारा प्रदान गरिने विभिन्न सेवा सुविधामा पहुँच पुरयाउन विशेष प्राथमिकता दिने,

(ञ) गाउँको सामुहिक हक अधिकारको लागि पहल गर्ने ।

**२. न्यायिक अधिकार :**

(क) थारु समुदायको संस्कृति र मूल्य मान्यतामा आधारित रही परम्परागत रुपमा बरघर/भलमन्साद्धारा समाजमा गर्दै आइरहेका सामाजिक तथा साँस्कृतिक कार्यका साथै समाजमा उठेका सामान्य विवादका (झै झगडा) विषयमा छिटो छरितो, सहज सरल एवं कम खर्चिलो बनाई न्यायमा सर्वसाधारणको पहुँच बृद्धि गर्नुका साथै समाजमा दिगो शान्ती कायम गर्न मेलमिलाप सम्बन्धी तालिम प्राप्त मेलमिलापकर्ताद्धारा मेलमिलापको माध्यामबाट विवाद निरुपण गर्ने,

(ख) बरघर/भलमन्सा समक्ष कुनै पीडित पक्षले न्याय पाउन अर्जी गरेमा उक्त विषयमा छलफल गराउने र मेलमिलाप गराउन मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने,

(ग) द्वन्द्वरत पक्षलाई समझदारीमा ल्याएर न्याय सम्पादनमा सहजिकरण गर्ने,

(घ) न्यायिक तथा अर्ध न्यायिक निकायबाट मध्यस्थता, मेलमिलाप, सहजीकरण लगायत कार्यका लागि अनुरोध भई आएमा सो सम्बन्धी कार्य गर्ने,

(ङ) न्यायिक समिति र मेलमिलाप केन्द्रमा कुनै विषयमा निवेदन वा मुद्दा परेमा र उक्त विषय आफ्नो गाउँ, समुदायका परिवार, व्यक्तिसँग सम्बन्धित भएमा त्यसको छलफलमा उपस्थित हुने वा प्रतिनिधि पठाउने ।

(च) कुनै विवाद मिलाउदा सकेसम्म प्रचलित कानुनलाई पनि ध्यानमा राख्नु पर्नेछ ।

**(३) विकास निर्माण सम्बन्धी अधिकार :**

(क) आफ्नो गाउँको विकासका लागि योजना पहिचान र प्राथमिकताका आधारमा छनौट गरि कार्यान्वयनका लागि सम्बन्धीत निकायमा पहल गर्ने,

(ख) विकास निर्माण कार्यका लागि स्रोत र साधनको व्यवस्था मिलाउने कार्यमा पहल गर्ने,

(ग) गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने,

(घ) गाउँको सामुहिक कार्यमा अनुपस्थित हुने घरपरिवारलाई प्रचलित कानुनको बर्खिलाप नहुने गरि गाउँ जुट्याल्हाको निर्णयानुसार गर्ने,

(ङ) विकास निर्माणको काम सम्पन्न भई सकेपछि सामाजिक परिक्षण गर्ने,

(च) गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैर सरकारी संस्थासँग सहयोग, समन्वय, सहकार्य गर्ने ।

**(४) संस्कृति संरक्षण, प्रर्वद्धन सम्बन्धी अधिकार :**

(क) गाउँमा वर्ष भरि गर्नुपर्ने पूजापाठ, नाचगान, परम्परा आदिको संरक्षणका लागि वार्षिक कार्य योजना बनाउने,

(ख) गाउँमा वर्षभरि मनाईने चाडपर्व र पूजापाठको लागि गुरुवा, केसौका र सम्बन्धित सबैको सल्लाह, सहयोग लिएर सांस्कृतिक कार्य गर्ने, गराउने,

(ग) मेलमिलापका साथ सामुहिक रुपमा चाडपर्व मनाउन अवश्यक व्यवस्था मलाउने,

(घ) भाषा, लिपि, लोककला, साहित्य संस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने,

(ङ) प्रथाजनित परम्परा र संस्कार अनुसार सामाजिक, सांस्कृतिक, आदि कार्य गर्ने गराउने,

(च) सामाजिक संस्कारगत कार्य जस्तै पक्कापोह्री, विवाह, मृत्यु संस्कार, चाडपर्वमा सक्रिय सहभागिता जनाउने र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने,

(छ) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाको निर्णय अनुसार टिहाई संकलन गर्ने र सम्बन्धित पक्षलाई बुझाउने,

(ज) समुदायमा लोप हुन लागेका संस्कृतिको पहिचान गरी संरक्षण र प्रवर्द्धन गर्ने ।

**(५) सम्पर्क र समन्वयात्मक अधिकार :**

(क) गाउँको लागि सम्पर्क र समन्वय गर्ने नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ख) नगरपालिका, वडा कार्यालय, विभिन्न संघ संस्था र पक्षहरुसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

(ग) गाउँको समस्याको बारेमा स्थानीय सरकारकालाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने,

(घ) गाउँको आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक स्रोत व्यवस्थापनका लागि सम्बन्धित कार्यालय, व्यक्तिहरुसँग आवश्यक सम्पर्क र सहकार्य गर्ने,

(ङ) विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने गोष्ठी, सभा सम्मेलन, बैठक, भ्रमण, तालिम आदिमा सहभागीको लागि अनुरोध भई आएमा सहभागी पठाउने,

(च) विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई गाउँमा न्यायोचित वितरणको व्यवस्था मिलाउने,

(छ) गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्ने सहि मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने,

(ज) सरकारी तथा गैर सरकारी संस्थाद्धारा सञ्चालन गरिने कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा थप मद्दत पुरयाउन बरघर/भलमन्सासँग सहकार्य र समन्वय गरी अगाडी बढने,

(झ) बरघर/भलमन्साले आवश्यकता अनुसार आफू सक्रिय भएर सहयोग गर्ने वा अरु गाउँ समुदायलाई परिचालन गर्न सक्नेछ ।

**(६) बरघर/भलमन्साको अन्य अधिकारहरु :**

माथि उल्लेखित अधिकारका साथै तपसिलमा उल्लेखित अन्य अधिकार हुनेछन् ।

(क) गाउँ समुदायलाई विपद पूर्व तयारी गराउने,

(ख) शिक्षा, स्वास्थ्य, सरसफाई आदि क्षेत्रको सूचना गाउँमा सम्प्रेषणको व्यवस्था मिलाउने,

(ग) सामाजिक तथा साँस्कृतिक बिकृति, विसंगतिका विरुद्ध जनचेतना सम्बन्धी अभियान संचालन गर्ने,

(घ) समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सदभाव, एकता कायम गर्ने गराउने,

(ङ) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाले गरेको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

**१४. सहायक बरघर**/ भलमन्सा **को काम, कर्तव्य र अधिकार :**

(१) गाउँ बरघर/भलमन्साले जिम्मेवारी दिएको काम गर्ने,

(२) गाउँ बरघर/भलमन्साको अनुपस्थितिमा गाउँको सार्वजनिक हितको लागि नेतृत्व गर्ने,

(३) गाउँ बरघर/भलमन्सालाई आवश्यक सहयोग गर्ने ।

**१५. लिखन्डरियाको काम, कर्तब्य र अधिकारः**

(१) गाउँको बखेरी/खोज्नीबोज्नी/ख्याला, जुटेल्हा, कचहरी/पञ्चायतमा उपस्थितिको अभिलेखिकरण गर्ने,

(२) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला, छलफल, कचहरीमा भएको छलफल तथा निर्णयको अभिलेख राख्ने,

(३) गाउँ बरघर/भलमन्सा प्रणालीमा भएको आम्दानी र खर्चको विवरण, बिल, भरपाई र हिसाव किताब दुरुस्त राख्ने,

(४) गाउँको बखेरी/खोज्नीबोज्नी/ख्याला, कचहरी/पञ्चायत, छलफल आदिमा सहजिकरण गर्ने,

(५) विभिन्न संघ, संस्था, कार्यालयमा बरघर/भलमन्साको निर्देशनमा पत्राचार, गाउँको जानकारी, सूचना, प्रतिबेदन आदि दिने ।

**१६. अगह्वाको काम, कर्तब्य र अधिकारः**

(१) जनश्रमदानको बेलामा बरघर/भलमन्सालाई सहयोग गर्ने,

(२) जन श्रमदानमा काम विभाजन र नान हाल्ने,

(३) जन श्रमदान गर्दा जिम्मेवारी अनुसार काम भए नभएको निरीक्षण गर्ने,

(४) कुलापानी, सिंचाई, बाटोघाटो सरसफाईमा बरघरलाई आवश्यक सहयोग गर्ने ।

**१७. गुरुवाको काम, कर्तब्य र अधिकार :**

(१) गाउँको वर्षभरि गरिने विभिन्न पूजापाठलाई परम्परा र विधि अनुसार सम्पन्न गर्ने,

(२) गाउँमा हुन सक्ने हैबी, दैबी, प्रकोप, किट पटङ, रोगब्याधबाट गाउँका मानव, जीवजन्तु र बाली नालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने,

(३) गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, सस्कृतिमा सरसल्लाह र सहयोग प्रदान गर्ने,

(४) गाउँ घरमा सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम गर्न सहयोग गर्ने,

(५) बिरामी वा पिडित व्यक्ति वा पक्षको अनुरोधमा उपचार र स्वास्थ्य हितको व्यवस्था मिलाउने, पूजा पाठ गर्ने गराउने,

(६) गाउँ समुदायमा रहेका अन्धविश्वासलाई न्युनिकरण गर्ने ।

**१८. केसौकाको काम कर्तब्य र अधिकार :**

(१) विभिन्न पूजापाठ र कर्म गर्नको लागि गुरुवाको सहयोगीको रुपमा काम गर्ने,

(२) गाउँका मानिस र पशुपंक्षी मा कुनै रोग व्यथाले सताएमा त्यसबाट बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ।

**१९. चिरक्याको काम, कर्तव्य र अधिकारः**

(१) गाउँमा बरघर/भलमन्साले खटाएको सार्वजनिक हितको काम गर्ने,

(२) गाउँको मुल देवस्थान/मरुवा मा नियमित दियो बाल्ने र पूजापाठ गर्ने,

(३) पूजापाठ, भोजकाज र चाडपर्वको बेलामा चोखो वा पवित्र आगोको व्यवस्था मिलाउने,

(४) गाउँको सामुहिक काम, पूजापाठ र गाउँको भोजकाजमा बत्ति वा उज्यालोको व्यवस्था मिलाउने ।

**२०. चौकिदारको काम, कर्तव्य र अधिकार :**

(१) बरघर/भलमन्साले खटाएको काम गर्ने,

(२) गाउँमा सूचना प्रदान गर्ने, हाँक पार्ने, पत्र पुर्याउने,

(३) गाउँको सम्पत्तिको रेखदेख गर्ने,

(४) विपदमा परेका व्यक्ति, घर परिवारलाई सहयोग गर्ने,

(५) गाउँ घरको सूचना नियमित रुपमा बरघरसंग आदान प्रदान गर्ने ।

**२१. घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकार :**

(१) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला, जुट्याल्हा, कचहरी/पञ्चायतमा सहभागी भई आफ्नो विचार, मत दिने,

(२) बरघर/भलमन्साले दिएको सार्वजनिक हितको जिम्मेवारी पूरा गर्ने,

(३) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाको निर्णयानुसार टिहाई दिने,

(४) बरघर/भलमन्साको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सीप दान, जिन्सी दान र नगद दान गर्ने,

(५) गाउँ समुदायको समस्याको बारेमा गाउँ बरघरलाई जानकारी गराउने,

६. बरघर/भलमन्साले खटाएको सामुहिक हितको अन्य कार्य गर्ने,

७. समुदायको सामाजिक, संस्कार, सस्कृति संरक्षण र प्रर्वद्धन कार्यमा सक्रिय सहभागी हुने ।

## परिच्छेद –५

## बरघर/भलमन्सा प्रणालीमा पद रिक्त हुने व्यवस्था र पदपूर्ति

**२२. पद रिक्त हुने अवस्था :**

यस ऐनको दफा ६, ७ र ८ बमोजिम गठन भएको बरघर/भलमन्सा संगठन प्रणाली भित्रको पदहरु देहायको अवस्थामा पद रिक्त हुनेछ :

(क) एक वर्षे कार्यकाल समाप्त भएमा,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) खराब आचरणका कारण निजलाई बरघर/भलमन्सा पदमा राखि राख्न उचित नभएको गाउँ/वडा/नगर जुटेहलाको दुई तिहाई मत जाहेर भएमा पद रिक्त हुनेछ । तर निजलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन् ,

(ङ) असक्त, अस्वस्थ भई बरघर/भलमन्साको जिम्मेवारी पूरा गर्न नसक्ने भएमा,

(च) निजले पदबाट राजीनामा दिएकोमा गाउँ/वडा/नगर जुटेल्हाबाट पारीत भएमा ।

**२३. बाँकी अवधिका लागि पद पुर्ति गर्ने:**

बरघर/भलमन्सा संगठन प्रणाली भित्रको पदमा बाँकी अवधिको लागि ऐनको दफा ६,७ र ८ मा व्यवस्था गरिएका पदको हकमा दफा ८ को उपदफा (७) बमोजिम नियुक्ति गरिनेछ ।

## परिच्छेद –६

## पदीय मर्यादा तथा आचरण सम्बन्धी व्यवस्था

**२४. बरघर/भलमन्सा पदाधिकारीहरुको पदीय मर्यादा र आचरण :**

(१) समुदायको हकहित, संरक्षण, प्रर्वद्धन, सशक्तिकरणको लागि स्वतन्त्र, निष्पक्ष र जवाफदेही भई आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ ।

(२) समाजमा बस्ने विभिन्न समुदाय तथा सम्प्रदाय बिचको सम्बन्ध सुमधुर बनाउने कार्य गर्नु पर्नेछ ।

(३) समुदायको प्रथा, परम्परा, प्रथाजनित कानून, मुल्यमान्यतालाई उच्च सम्मान गर्ने ।

## परिच्छेद -७

## प्रतिनिधित्व र सहभागीता



स्थानीय राजपत्र

**२५. स्थानीय तहमा प्रतिनिधित्व र सहभागिता :**

स्थानीय सरकारले हरेक सार्वजनिक गतिविधिमा समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्नेछ । यसका लागि बरघर/भलमन्सा प्रणालीको प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

**(१) योजना पहिचान, छनौट र कार्यान्वयनमा प्रतिनिधित्वः**

(क) गाउँ वा टोल भेला गर्दा सम्बन्धित गाउँ र वडा बरघर/भलमन्सालाई पत्राचार गरी सहभागी गराइनेछ ।

**(२) न्यायिक समितिमा प्रतिनिधित्व :**

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिमको अधिकार क्षेत्रभित्र रही न्याय निरुपण गर्दा विवादित पक्ष रहेको गाउँको बरघर/भलमन्साको आवश्यक्ता पर्न गएको खण्डमा आमन्त्रितको रुपमा आमन्त्रण गरिनेछ ,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ को उपदफा १० बमोजिम वडामा गठन भएको मेलमिलाप केन्द्रले मेलमिलापको माध्यामबाट न्याय निरुपण गर्दा विवादित पक्ष रहेको सम्बन्धित गाउँको बरघर/भलमन्सालाई आमन्त्रितको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) बमोजिमका अधिकारक्षेत्र अन्र्तगत न्याय समितिले विवाद निरुपण गर्दा विवादित पक्ष रहेको सम्बन्धित गाउँ/टोल तथा वडा बरघर/ भलमन्साको आवश्यक राय सल्लाह सुझाव लिन सक्नेछ ।

## परिच्छेद –८
## आर्थिक स्रोत व्यवस्थापन

**२६. बरघर/भलमन्सा संगठन प्रणालीको आर्थिक स्रोत :**

बरघर संगठन प्रणालीको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ :

(१) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाको निर्णय अनुसार प्रति घरधुरीले निश्चित प्रयोजनको लागि जम्मा गरेको नगदी र जिन्सी ।

(२) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाले निर्णय गरे अनुसार गाउँमा श्रमदान, भौतिक श्रम गर्न नसक्ने घरधुरीबाट प्राप्त रकम ।

(३) गाउँको सार्वजनिक स्थलमा गरिने सामुदायिक उत्पादनबाट प्राप्त रकम ।

(४) गाउँमा सामाजिक, साँस्कृतिक, रचनात्मक काम गरी प्राप्त गरेको रकम ।

(५) विभिन्न दाताबाट प्राप्त अनुदान रकम ।

(६) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त नगदी जिन्सी ।

(७) गाउँ बरघर/भलमन्सा प्रणालीको सम्पत्ति भाडा दिई आर्जित गरेको रकम ।

(८) गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाले निर्धारण गरेको श्रमदान नगरी सिंचाई सुविधा लिने जग्गाधनीसँग लिईने पनकटबाट प्राप्त रकम ।

**२७. खाता सञ्चालन र खर्च विधि** :

(१) सम्बन्धित गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाको निर्णय अनुसार वडा कार्यालयको सिफारिसमा उक्त गाउँ बरघर/भलमन्सा प्रणालीको नाममा नजिकको बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) यस ऐनको दफा २६ बमोजिम प्राप्त आम्दानी गाउँ बखेरी/खोज्नीबोज्नी /ख्यालाबाट छनौट भएका बरघर,सहायक बरघर र लिखन्डरियाको नामबाट संयुक्त बैंक खाता सञ्चालन गर्न सक्नेछ ।

(३) यस ऐनको दफा २६ बमोजिम प्राप्त रकम गाउँ बखेरी/खोज्नीबोज्नी /ख्यालाले गरेको निर्णय बमोजिम बरघर/भलमन्सा प्रणालीले खर्च गर्न सक्नेछ ।

(४) बरघर/भलमन्सा प्रणालीले वर्षभरिको आम्दानी र खर्चको बिल भरपाई अभिलेख राख्नु पर्नेछ । गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालामा खर्च विवरण सार्वजनिक गरि पास गराउनु पर्नेछ ।

(५) आम्दानी र खर्च विवरणको वार्षिक प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**२८. सम्पत्तिको अभिलेखः**

(१) गाउँको नगद तथा जिन्सी सम्पत्तिको अभिलेख बरघर/भलमन्सा प्रणालिले राख्नुपर्नेछ । सो को सुरक्षा गर्ने जिम्मेवारी समेत रहनेछ । जिन्सी सम्पत्तिको भौतिक परीक्षण गरी हरेक वर्ष गाउँ बखेरी/खोज्नीबोज्नी /ख्यालामा सार्वजनिक गर्नु पर्नेछ ।

(२) गाउँको सार्वजनिक, सामुदायिक र सरकारी सम्पत्तिको अभिलेख तयार गर्न स्थानीय तहको सरकारलाई सहयोग पुरयाउनु र सोको संरक्षणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न बरघर/भलमन्सा प्रणालीको प्रमुख कर्तव्य हुनेछ ।

## परिच्छेद– ९
## विविध

**२९. बाधा अड्काउ फुकाउ :**

ऐनको कार्यान्वयनमा कुनै पनि किसिमको बाधा अड्काउ आईपरेमा सो फुकाउने अधिकार नगर सभालाई हुनेछ ।

**३०. नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउने अधिकारः**

यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानिय सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

**३१. बचाउ तथा खारेजी :**

(१) यस अघि भए गरेका बरघर/भलमन्सा सम्बन्धी कामकारवाही यसै ऐन बमोजिम भए गरेका मानिनेछ ।

(२) यस ऐनमा भएका कुराहरुमा यसै ऐन बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३२. संशोधन :**

(१) यस ऐनमा आवश्यक संशोधन गर्नु परेको खण्डमा सो अधिकार नगरसभामा निहित रहनेछ ।

**अनुसूची– १**

**(दफा ४ को उप दफा (२) संग सम्बन्धित )**

बरघर/भलमन्सा प्रणाली भित्रका पदाधिकारीलाई दिईने **प्रमाणपत्र**

टीकापुर नगरपालिका, वडा नं. ....... मा रहेको .......................... गाउँको गाउँ बखेरी/खोज्नीबोज्नी/ख्यालाबाट ............... पदमा टीकापुर नगरपालिकाले जारी गरेको बरघर/भलमन्सा ऐन, २०८१ को दफा ७ को उपदफा (२) र दफा ८ को उपदफा (२), (३) बमोजिम छनोट हुनु भएकोमा तपाई श्री ..........................लाई स धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

बरघर ऐन, गाउँ बखेरी/खोज्नीबोज्नी/ख्याला र जुटेल्हाको निर्णय बमोजिम सार्वजनिक हकहितका लागि कार्य गर्नुहोला ।

.............................

प्रमुख प्रशासकिय अधिकृत

स्थानीय राजपत्र

**अनुसूची –२**

(दफा ४ को उपदफा (२) संग सम्वन्धित )

बरघर/भलमन्सा प्रणाली भित्रका पद ग्रहण गर्ने व्यक्तिलाई दिईने परिचयपत्र

टीकापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

**परिचय पत्र**

नामः

पदः

ठेगानाः

जन्म मिति :

ना.प्र.नंः


फोटो

सम्पर्क नं:
रक्त समुह:
जारी मिति:
म्याद सकिने मिति:

.............................
प्रमाणित गर्नेको दस्तखत
वडा सचिव/प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र

**अनुसूची –३**
(दफा १० को उपदफा (१) संग सम्वन्धित )
**बरघर/भलमन्सा प्रणालीको संगठनात्मक ढाँचा**



स्थानीय राजपत्र

आज्ञाले,
दमन सिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपालिको कार्यालय